# नेपाली कांग्रेस विराटनगर महानगरपालिका
# स्थानीय तह निर्वाचन
# संकल्प–पत्र २०७९

नेपाली काङ्ग्रेस लोकतान्त्रिक आन्दोलन र सङ्घर्षको उद्भवस्थल विराटनगर महानगरपालिकामा बसोबास गर्नुहुने सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइमा हार्दिकतापूर्वक अभिनन्दन गर्दै जय नेपालको क्रान्तिकारी अभिवादन गर्दछ ।

नेपाली काङ्ग्रेस सात दशकभन्दा लामो लोकतान्त्रिक सङ्घर्षयात्राका विभिन्न कालखण्डमा गौरवपूर्ण सहादत प्राप्त गर्ने प्रातःस्मरणीय अमर सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।

नेपाली काङ्ग्रेसको लोकतान्त्रिक आन्दोलनको आदर्श र चेतनालाई जीवित राख्न कठोर सङ्घर्ष, कारावास, निर्वासन र आन्तरिक विस्थापनको अकल्पनीय पीडा भोग्नु परेका लाखौँ नेपालीहरूको अदम्य साहस र समर्पणलाई स्मरण गर्दै उहाँहरूप्रति उच्च सम्मान प्रकट गर्दछ ।

नेपाली काङ्ग्रेस हाम्रा पथप्रदर्शक जननायक विपी कोइराला, श्रद्धेय नेताहरू सुवर्ण शमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र सुशील कोइरालालाई उच्च श्रद्धा गर्दै लोकतन्त्रको सङ्घर्षशील यात्राका विभिन्न कालखण्डमा महत्वपूर्ण योगदान र नेतृत्व गर्नुहुने थिरबम मल्ल, दुर्गानन्द झा, योगेन्द्रमान शेरचन, सूर्यप्रसाद उपाध्याय, दिवानसिंह राई, रामनारायण मिश्र, महेन्द्रनारायण निधि, धनमानसिंह परियार, तुरसा हेमरम, मङ्गलादेवी सिंह, द्वारिकादेवी ठकुरानी, देवव्रत परियार, शेख इद्रिस, नारदमुनि थुलुङ, आरबी गहतराज, भूदेव राई, शैलजा आचार्य, नोना कोइराला, केशवप्रसाद कोइराला, भीमबहादुर तामाङ, प्रेमराज आङदेम्बे, पदमबहादुर आले, बखानसिंह गुरुङ, बलबहादुर राई, राधाकृष्ण थारू लगायतका सयौँ अग्रज तथा लोकतान्त्रिक आन्दोलनका योद्धाहरूलाई हृदयदेखि स्मरण गर्दछ ।

आदरणीय दाजुभाइ, दिदीबहिनीहरू

हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्राप्तिपछि स्थानीय तहको दोस्रो निर्वाचन २०७९–का सम्मुखमा छौँ । यस ऐतिहासिक क्षणमा हामी विराटनगर सहरको स्थापना गर्नुहुने पिताजी सहिद कृष्णप्रसाद कोइरालासहित र यहाँको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, शैक्षिक र साहित्यिक उत्थानमा योगदान गर्नुहुने समस्त महान् विभूतिहरूमा हार्दिक कृतज्ञता र श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

नयाँ वर्ष २०७९–को आगमनसँगै समुन्नत महानगरको सपना र योजना बोकेर हामी स्नेह, आशीर्वाद र अमूल्य मतको विनम्र अपेक्षासहित तपाईंहरूका घरदैलोमा उभिएका छौँ । यही वैशाख ३० गते स्थानीय तहको निर्वाचन हुँदैछ । यस अवसरमा नेपाली काङ्ग्रेस विराटनगर महानगर समिति यो सङ्कल्प–पत्र जारी गर्दछ ।

– भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलता अवलम्बन गर्दै यसको नियन्त्रणका लागि विशेष संयन्त्र बनाउने । सूचनाको हक प्रत्याभूत गर्दै पारदर्शी एवम् जवाफदेही महानगरपालिका निर्माण गर्ने ।

– महानगरले गर्ने विकास–निर्माणका कामलाई प्राथमिकता दिन र व्यवस्थित गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तीन भागमा विभाजन गर्ने ।

– महानगरपालिका कार्यालयमा गरिँदै आएका अनावश्यक र अनुत्पादक खर्च नियन्त्रण गर्ने । महानगरका खर्चलाई रचनात्मक क्षेत्रमा प्रयोग गर्न कठोर आर्थिक नीति र अनुशासनको तर्जुमा गर्ने ।

– महानगरपालिकाबाट प्रमुखलाई प्राप्त हुने सबै आर्थिक सुविधा सेवा र सामाजिक कार्यमा प्रदान गर्ने ।

– महानगरपालिकाका कार्यसम्पादनलाई व्यवस्थित, सुचारु र प्रभावकारी बनाउन सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको विज्ञ समूह गठन गर्ने ।

– विराट राजाको दरबार रहेको विराटनगरको भेडियारी क्षेत्रलाई समुचित विकास गर्दै पर्यटन केन्द्रका रूपमा विकास गर्ने ।

–सामुदायिक विद्यालयमा समयानुकूल शैक्षिक गुणस्तर सुधार गर्न नवप्रवद्र्धन केन्द्र (इनोभेसन सेन्टर) तथा अनुसन्धान केन्द्र (रिसर्च सेन्टर) निर्माण गर्ने ।

– अनाथ, असहाय तथा विपन्नका पहुँचमा शिक्षाको समान अवसर पु¥याउन नमुना आवासीय विद्यालयको स्थापना गर्ने ।

– सामुदायिक विद्यालयलाई छात्रामैत्री बनाउन भेन्डिङ मेसिनसहितको प्याड ब्याङ्क स्थापना गर्ने ।

– जटिल शल्यक्रिया तथा विशेषज्ञ सेवासहित महानगर अस्पताल (मेट्रोसिटी हस्पिटल) स्थापना गर्ने ।

– विराटनगर महानगरपालिका क्षेत्रमा भूमिगत पार्किङसहितको २५०० क्षमताको सुविधासम्पन्न सभागृहको निर्माण गर्ने ।

– स्थानीय प्रशासनसित समन्वय गरेर रात्रिकालीन व्यवसायलाई सहज र सुचारु बनाउने ।

– तारे होटल र कम्तीमा १ सय जनालाई रोजगारी दिने सपिङ कम्प्लेक्स, मल वा डिपार्टमेन्टल स्टोरलाई कम्तीमा ५ वर्ष ५० प्रतिशत राजस्व छुट गर्ने ।

– विराटनगरमा एक औद्योगिक र राजनीतिक सङ्ग्रहालयको निर्माण गर्ने ।

– रानीदेखि विराटनगर–१९ स्थित रङ्गशालासम्म सटल बस सञ्चालन गर्ने ।

– बिजुली, टेलिफोन, इन्टरनेट लगायतका तारका सन्जाललाई भूमिगत गर्न सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरी ताररहित विराटनगर निर्माणको पहल गर्ने ।

– विराटनगर क्षेत्रभित्रबाट सञ्चालित छापा, एफएम, अनलाइन, टेलिभिजनको संस्थागत विकास गर्दै सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि गर्ने ।

– रोजगारी र निर्यात वृद्धि गर्ने उद्योग तथा व्यवसायको वर्गीकरण गर्ने गरी निश्चित अवधिसम्म कर छुटको प्रबन्ध गर्ने ।

– बिग्रन थालेका सडक, पेटी, ढल तथा अन्य संरचनालाई द्रुत गतिमा प्रारम्भिक चरणमै मर्मत गर्ने ।

– ट्राफिक सम्बन्धी चापलाई घटाउन महानगरभित्र आवश्यक स्थानमा एस्केलेटर (विद्युतीय सिँढी)–सहितको आकासे पुल निर्माण गर्ने ।

– प्रविधिको प्रयोगमार्फत् महानगरले प्रदान गर्ने सेवा तथा सुविधा घरबाटै लिन सकिने व्यवस्था गर्ने ।

– बालमैत्री सहर घोषणा भएअनुरूप त्यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न समुदाय, अभिभावक र बालबालिकासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने ।

– प्रयोग नगरेका कतिपय सेवाबापत महानगरवासीले कर तिर्नुपर्ने प्रावधान तत्काल खारेज गर्ने ।

– सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणालीबाट वितरण गर्ने व्यवस्था भएकोमा त्यसलाई अझ सरल, सहज र नियमित गराउन महानगरले सहजीकरण गर्ने ।

– ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य वीमाको प्रबन्ध गर्ने ।

– महानगरपालिकाको कार्यालयलगायत महानगरअन्तर्गतका अन्य निकायमा महिला दिदीबहिनी र बालबालिकाका लागि छुट्टै स्तनपान कोठाको व्यवस्था गर्ने ।

– महानगरको सौन्दर्यीकरण अभियानअन्तर्गत सडक, बालउद्यान, मनोरञ्जन केन्द्र निर्माण, संरक्षण र सरसफाइका काम अघि बढाउने ।

– धार्मिक स्थलहरू (मन्दिर, मस्जिद, गिर्जाघर, गुम्बा, ध्यान केन्द्र)–का संरक्षणका लागि पूर्वाधार विकासमा आवश्यक सहयोग गर्ने ।

– गुरुकुल, मदरसा, गुम्बा जस्ता शिक्षालयहरुको संस्थागत विकासमा पहल गर्ने ।

– महिला तथा अपाङ्गमैत्री सार्वजनिक शौचालय निर्माणलाई प्राथमिकता दिने ।

– लागु औषधको कुलतमा फसेका युवाहरूलाई दुव्र्यवसनमुक्त जीवनयापन गराउने कार्यक्रम सञ्चालन गर्ने ।

– खुला सीमाका कारण हुने अपराधको न्यूनीकरण गर्न सम्बन्धित निकायसँग समन्वय गरी युवा लक्षित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

– सहरभित्र स्मार्ट पार्किङ स्थल निर्माण गर्ने र त्यसको व्यवस्थापनमा काम गर्ने ।

– विराटनगरको पहिचान बोकेको श्रीराधाकृष्ण रथयात्रालाई समयानुकूल व्यवस्थित गरी विराटनगर बाहिरका सहर र सीमा पारिका धर्मावलम्बीलाई पनि अवलोकन गराउने व्यवस्था मिलाउने ।

– पिछडिएका समुदाय तथा सुकुम्बासीको पहिचान गरी लालपुर्जासहितको एकीकृत वस्ती निर्माण गरी हस्तान्तरण गर्ने कार्यलाई गति दिने ।

– मनोरञ्जन तथा पारिवारिक वातावरणयुक्त पार्कहरू निर्माण गर्ने ।

– केसलिया र सिङ्घिया खोलाका किनारमा वृक्षरोपण गरी ग्रिनबेल्ट करिडोरका रूपमा विकास गर्ने ।

विराटनगरका मध्य भागमा अवस्थित नहरलाई पैदल मार्ग र साइक्लिङ जोनका रूपमा विकास गर्ने ।

– प्रदेश राजधानीका लागि आवश्यक स्थायी संरचना निर्माण गर्न प्रदेश सरकारसित समन्वय गर्ने ।

– बालबालिकाका मनोरञ्जनका लागि अत्याधुनिक वाटरपार्कसहितका बालउद्यान निर्माण गर्ने ।

– महानगरभित्र सुरक्षाको प्रत्याभूति दिन पर्याप्त सीसी क्यामेरा जडानका लागि प्रदेश सरकारसँग समन्वय गरी काम अघि बढाउने ।

– सबै धर्मावलम्बीका अन्तिम संस्कारका स्थलहरूको उचित प्रबन्ध गर्ने ।

– विराटनगर आसपासका नदीमा छठ पूजाका लागि पक्की घाटको निर्माण गर्ने ।

– विराटनगरमा औद्योगिक, व्यापारिक र सामाजिक सेवाका क्षेत्रमा पुस्तौँदेखि अतुलनीय योगदान गरिरहेको मारवाडी समुदायको विशेषता र पहिचान प्रकट हुने प्रकारका संरचनाको निर्माण गर्ने ।

– महानगर क्षेत्रमा रही विभिन्न विधामा विशेष योगदान गर्ने व्यक्तिहरूलाई ‘महानगररत्न’–का रूपमा सम्मान गर्ने ।

– महानगरभित्र निःशुल्क एम्बुलेन्स तथा शववाहन सेवा सञ्चालन गर्ने ।

–सार्वजनिक सुविधाका लागि महानगर बस सञ्चालन गर्ने ।

– महानगरस्तरीय विपद् व्यवस्थापन केन्द्र सञ्चालन गर्ने ।

– विद्यालयहरूमा नियमित योग तथा ध्यान प्रशिक्षणका लागि आवश्यक समन्वय गर्ने ।

– प्रति महिना ३० युनिटसम्म विद्युत् खपत गर्ने महानगरवासीलाई निःशुल्क विद्युत् उपलब्ध गराउने ।

युवा लक्षित खुला तथा बन्द व्यायामशाला निर्माण गरी सञ्चालनमा ल्याउने ।

– कला, साहित्य र सङ्गीतको निरन्तर कार्यक्रम सञ्चालनका लागि ‘ओपन स्क्वायर’ निर्माण गर्ने ।

– महिला सशक्तीकरणका निम्ति आवश्यक कार्यक्रमहरू ल्याई प्राथमिकताका साथ कर छुट र सहुलियत प्रदान गर्ने ।

– युवा उद्यमशीलता विकासका निम्ति ‘आइडिया बैङ्क’ सञ्चालन गर्ने ।

– ऐतिहासिक महत्व बोकेका महानगरका सार्वजनिक पुस्तकालयहरूलाई परिष्कृत गर्दै ई–लाइब्रेरीमा परिणत गर्ने ।

– युवालाई लक्षित गरी होटल, टेलरिङ, ड्राइभिङ, प्लम्बर, इलेक्ट्रिसियन, ब्युटीपार्लर लगायतका उद्यमशीलता विकास गर्ने तालिमहरूको व्यवस्थापन गर्ने ।

– सामुदायिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी केन्द्र स्थापना गर्ने ।

– वारुण यन्त्र (दमकल) व्यवस्थापनका लागि साधन–स्रोतको उचित प्रबन्ध गर्ने ।

– व्यवस्थित पशु वधशाला सञ्चालन गर्ने ।

– खेलकुदको विकासका निम्ति महानगर खेलकुद विकास समिति गठन गरी त्यसका माध्यमबाट खेल गतिविधि सञ्चालन गर्ने ।

– खेलकुद क्षेत्रको समुचित विकास गर्न ट्रेनिङ सेन्टर सञ्चालन गरी समय–समयमा खेलकुद महोत्सव सञ्चालन गर्ने ।

– उद्योग तथा व्यवसायको दर्ता र नवीकरणलाई छिटो, छरितो, पारदर्शी र सरल बनाउने ।

– उद्योग तथा व्यवसायका लागि भुक्तानी गरिने सम्पत्ति कर लगायतका महसुलमा सहुलियत प्रदान गर्ने ।

– महानगर क्षेत्रभित्रका खेतीयोग्य भूमिलाई पहिचान गरी पकेट क्षेत्रका रुपमा विकास गर्ने ।

– विराटनगरको एकीकृत भन्सार जाँच बिन्दु (आईसीपी)–सम्म यही वर्ष आइपुग्ने कार्गो रेलको सेवालाई समुचित व्यवस्थापन गर्न रेलको यार्डदेखि आईसीपीसम्म पक्की सडक निर्माण गर्ने ।

– प्रधानमन्त्रीपार्कलगायत यसअघिका महानगरपालिकाद्वारा सञ्चालित विविध विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

– स्थानीय तहको यस निर्वाचनमा नेपाली काङ्ग्रेसका उम्मेदवारलाई चुनाव चिह्न रुखमा मतदान गरी अत्यधिक मतले विजयी गराउन गर्नुहुन समस्त नगरवासी आमाबुबा, दाजुभाइ र दिदीबहिनीमा हार्दिक अनुरोध गर्दछौँ ।

जयनेपाल

**निर्वाचन प्रचारप्रसार समिति**

**नेपाली काङ्ग्रेस विराटनगर महानगरसमिति**